स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'जात्रा' शृङ्खलामार्फत स्थापित भएको ब्यानर षट्कोण आर्ट्सले निर्माण गर्ने नयाँ चलचित्र 'लालीबजार' मा अभिनेत्री स्वस्तिमा खड्का अनुबन्धित हुनुभएको छ । निर्माण पक्षले आज एक पोस्टर सार्वजनिक गर्दै अभिनेत्री खड्काको सो चलचित्रमा अभिनय रहने बताएको छ । अभिनेत्री खड्काले आफू देखिएको पात्रभन्दा भिन्न रहेकाले चलचित्रमा अभिनय गर्न लागेको बताउनुभयो । उहाँले भन्नुभयो, अघिल्ला चलचित्रको तुलनामा यसपटक फरक स्वस्तिमा देख्नुहुनेछ ।

**आजको विचार...**



महिला... (दुई पेजमा)

प्रतिमा भट्ट



अभिनेत्री केकी अधिकारीले दुई फिल्म निर्माणमा जुटेकी छन् । उनले निर्माण गर्ने फिल्मको नाम 'भदकाली' र 'राधा पियारी' राखिएको छ । यी दुई फिल्म उनकै आफ्नै होम प्रोडक्सन केकी अधिकारी फिल्मस् प्रालिबाट निर्माण हुन लागेको हो । चलचित्र विकास बोर्डबाट फिल्मका लागि उनले निर्माण इजाजत समेत लिइसकेकी छन् । बोर्डमा दर्ता गर्दा उनले 'भदकाली'को निर्माताामा आफ्नै नाम राखेकी छन् । समाजकै एउटा महत्वपूर्ण विषयलाई समेटेर चलचित्रको कथा तयार गरिएको छ ।

❒ वर्ष ३० ❒ अंक ३३० ❒ २०८२ असार ११ गते बुधबार 25 June 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन हमलामा तीनको मृत्यु

(रासस/एएफपी)

**गाजा,** असार ९/उत्तरपूर्वी सहर सुमी नजिकै रुसी ड्रोन हमलामा पाँच वर्षीय बालकसहित तीन जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले मंगलबार बताएका छन् । युक्रेनले रुसले आफनो भूभागमा दर्जनौं ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको र राजधानी किएभमा १० जनाको ज्यान गएको बताएको एक दिनपछि यो घटना भएको हो । तीन वर्षको युद्ध अन्त्य गर्ने कूटनीतिक प्रयासहरू रोकिएका छन् भने लगभग तीन हप्ताअघि किएभ र मस्कोबीचको अन्तिम प्रत्यक्ष बैठक र कुनै थप वार्ता निर्धारित गरिएको छैन । "शत्रुको आक्रमणको परिणामस्वरूप पाँच वर्षीय बालक, ५२ वर्षीय पुरुष र ८४ वर्षीया महिलाको मृत्यु भएको छ", सुमीको क्षेत्रीय अभियोजक कार्यालयले भनेको छ, "दुई १७ वर्षीया बालिका र एक १२ वर्षीय बालकसहित थप छ जना घाइते भएका छन्, सात आवासीय भवनहरू ध्वस्त भएका छन् भने २२ घर र छवटा सवारी साधन क्षतिग्रस्त भएका छन् ।" सुमी क्षेत्रका सैन्य प्रशासनका प्रमुख ओलेग ग्रिगोरोभले एउटा शव ध्वस्त घरको भग्नावशेषबाट निकालिएको बताए ।

## नीति तथा कार्यक्रम र बजेट सार्वजनिक

# तानसेनले ल्यायो एक अर्ब ४६ करोड ५० लाखको बजेट

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १०/जिल्लाको तानसेन नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । नगरप्रमुख सन्तोषलाल श्रेष्ठ र उपप्रमुख प्रतीक्षा गाहा सिंजालीले नगरपालिकाको १७ औं नगर सभा अन्तर्गत पहिलो बैठकमा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् ।

सभामा उपप्रमुख सिंजालीले आगामी आर्थिक वर्षका लागि एक अर्ब ४६ करोड ५० लाख ९६ हजार ८ सय ७ रुपैयाँ बराबरको आयव्यय प्रस्तुत गरिन् । कृषि, पर्यटन, रोजगार र पूर्वधारलाई प्रथामिकतामा राखेर उनले बजेट सार्वजनिक गरेकी हुन् ।वित्तिय व्यवस्थातर्फ ८५ लाख समेत गरी चालुखर्चतर्फ ६२ करोड ७ लाख ३५ हजार अर्थात् ४२ दशमलव ३७




प्रतिशत र पुँजीगत खर्चतर्फ ८४ करोड ४३ लाख ६१ हजार अर्थात् ५७ दशमलव ६३ प्रतिशत रहेको छ । बजेटको स्रोतमा संघीय सरकारबाट समानीकरण अनुदानतर्फ १५ करोड ३८ लाख, समपुरक अनुदानतर्फ १ करोड ८५ लाख, सशर्त अनुदान चालुतर्फ ३९ करोड ९१ लाख, पुँजीगततर्फ ३४ करोड ९५ लाख, विशेष अनुदान २ करोड ०२ लाख र राजश्व बाँडफाँडतर्फ १० करोड ८८ लाख ८१ हजार , प्रदेश सरकारबाट समानीकरण अनुदान १ करोड ०८ ५५ लाख ०८ हजार, समपुरक अनुदान १ करोड २० लाख, राजस्व बाँडफाडबाट १ करोड ३० लाख ३८ हजार प्राप्त गर्ने अनुमान छ । यसैगरी आन्तरिक आयतर्फ आन्तरिक राजश्व १७ करोड १४ लाख ८५ हजार अनुमान गरिएको छ । भारतीय दूतावासबाट २ करोड ४९ लाख, युनोप्स १ करोड ४८ लाख ५० हजार, नगर विकास कोष ८ करोड १२ लाख ८१ हजार, प्रदेश स्थानीय सहयोग कार्यक्रम ४ लाख ३६ हजार, जनसहभागिता तर्फ १ करोड, नवप्रवर्द्धन साझेदारी कार्यक्रमतर्फ १ करोड ०८ लाख आगामी आर्थिक वर्षको लागि सरिजाने मौज्दात ५ करोड अनुमान गरि उपप्रमुख गाहाले बजेट पेश गरेकी हुन् । आर्थिक विकास क्षेत्रतर्फ ८ करोड ८४ लाख ४६ हजार ३ सय, सामाजिक विकासतर्फ ४९ करोड १५ लाख ४८ हजार रुपैयाँ बजेट विनियोजन भएको छ । भौतिक पूर्वाधारतर्फ ६९ करोड ७१ लाख ५ हजार, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ ३ करोड ४६ लाख ७५ हजार, सुशासन तथा संस्थागत विकासतर्फ १५ करोड ३३ लाख २१ हजार बजेट विनियोजन भएको छ । आर्थिक विकास क्षेत्रतर्फ विनियोजित बजेट मध्ये कृषिमा ५ करोड ७९ लाख ४८ हजार, सिचाँईतर्फ ३५ लाख ५० हजार, पशुपंक्षीतर्फ ५० लाख ५० हजार, पर्यटन तथा संस्कृतितर्फ एक करोड १२ लाख ३८ हजार ३ सय, उद्योग व्यापार, व्यवसायीतर्फ २९ लाख ५० हजार, भूमि व्यवस्था, सहकारी र वित्तिय सेवातर्फ ११ लाख, श्रम, रोजगारी तथा गरिबी निवारणमा ६६ लाख १० हजार बजेट छुट्याइएको छ । यस्तै सामाजिक विकासतर्फको बजेटमा शिक्षा, कला, भाषा तथा साहित्यमा ३८ करोड ४५ लाख ३० हजार, जनस्वास्थ्य तथा पोषणतर्फ ५ करोड ९८ लाख १५ हजार, महिला बालबालिका र सामाजिक समावेशीकरणमा एक करोड १४ लाख १ हजार, खानेपानी तथा सर सफाईतर्फ ९४ लाख ४७ हजार, युवा खेलकूद तथा नवप्रवर्तनमा २ करोड ४७ लाख ४ हजार र सामाजिक सुरक्षा तथा पञ्जीकरणतर्फ १६ लाख ५० हजार छुट्याइएको छ । यस्तै पूर्वधारतर्फको बजेट अन्तर्गत भवन, आवास तथा वस्ती विकासमा ४ करोड ९० लाख ५० हजार , सडक, पुल तथा यातायाततर्फ ६४ करोड ३० लाख ८४ हजार, जलस्रोत, विद्युत् तथा स्वच्छ उर्जामा ३५ लाख ७१ हजार , सूचना तथा सञ्चार प्रविधिमा १४ लाख रहेको छ । कृषिको व्यवसायिकरण तथा उत्पादन , उत्पादकत्व वृद्धि र पर्यटन विकासमार्फत रोजगारी सिर्जना गर्ने र गरिबी न्यूनिकरण गर्दै जीवनस्तर सुधार गर्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गर्दै विकासमा साझेदार बनाउन प्रेरित गर्ने नगरवासीको न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने बजेटको उद्देय रहेको छ ।

*-बाँकी अन्तिम पेजमा*

## प्लाष्टिक प्रयोगमा कटौती गरौं

**प्लास्टिक प्रयोगले :**

-माटोको उर्वरा शक्ति घटाउँछ,
-पानी प्रदूषण हुन्छ,
-पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
-मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
-प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

**त्यसैले,**

-प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
-प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
-प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
-'प्लाष्टिकमुक्त' अभियानमा सहभागी बनौं,

'वातावरणको संरक्षण गरौं'

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## पारिवारिक निजी वनलाई नीति तथा कार्यक्रममा समेट्न जोड

**कृष्ण पोखरेल**

**पाल्पा,** असार १०/पारिवारिक निजी वनलाई नीति तथा कार्यक्रममा समेट्नुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । पारिवारिक निजी वन संघ पाल्पा शाखाको आयोजनामा जलवायु उत्थानशीलताको लागि तीन दिने क्षमता अभिवृद्धि कार्यशाला गोष्ठीमा बोल्ने वक्ताहरुले स्थानीय सरकारले ल्याउने नीति तथा कार्यक्रममा पारिवारिक निजी वनलाई समेट्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा पारिवारीक निजी वन संघ नेपालका केन्द्रीय अध्यक्ष जोगराज गिरीले सरकारले आफ्ना नीति तथा कार्यक्रमहरुमा पारिवारिक निजी वनलाई समेटेर लैजानु पर्नेमा जोड



दिए । उनले अहिले देशभरीका पालिकाहरुले बजेट बनाईरहेको समयमा निजी वन समेट्ने कार्यक्रमलाई समुदायमा फाईदा पुऱ्याउन स्थानीय सरकारलाई आग्रह गरे । कार्यक्रममा पारिवारीक निजी बनका संस्थापक पाल्पा अध्यक्ष एकप्रसाद भण्डारीले आफूहरुले पारिवारीक निजी बनाउन जिल्लामा खेलेको भूमिकाको बारेमा चर्चा गर्दै मानिसहरुलाई वनको बारेमा वुझाउँदा थुप्रै चुनौतीहरुको सामना गर्नुपरेको बताए । कार्यक्रममा सामुदायिक वन महासंघका(फेकोफन) लुम्बिनी प्रदेश अध्यक्ष कल्पना भण्डारीले सामुदायिक वन महासंघ र निजी वनले किसानहरुको आर्थिक आयआर्जनको लागि काम गरिरहेको बताईन् । सामुदायिक वन उपभोक्ता महासंघकी तानसेन नगर अध्यक्ष भवानी गौतमले तानसेनमा पहिलेको तुलनामा सामुदायिक वनहरुको राम्रोसँग विस्तार भैरहेको र आउँदा दिनहरुमा योजना बनाएर अघि बढ्ने बताईन् ।

कार्यक्रममा प्रशिक्षक सुवासचन्द्र देवकोटाले सामुदायिक बन र पारीवारिक वनको फरक, वर्तमान अवस्थामा जलवायु परिवर्तनले पारेको असर, नेपालमा वनको अवस्थाको बारेमा प्रशिक्षण दिएका थिए । तालिममा जिल्लाका १० वटै स्थानीय तहका वन सम्वन्धी सरोकारवालाहरुको सहभागिता रहेको थियो । पारिवारिक निजी वन संघ पाल्पाका अध्यक्ष प्रेम घिमिरेको अध्यक्षता, सदस्य यादवराज शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## भूमि पूजाको सान्दर्भिकता

आज भूमि पूजा अर्थात् भूमे पूजा । यो खास गरी मगर समुदायको चर्चित पर्व मध्ये एक हो । असारमा रोपाई सुरु गर्नु अगावै पञ्चत्व स्वरूपमा भूमिको पूजन गर्ने चलन छ । देशभरिका सबै जिल्लाहरूमा भूमि पूजा गर्ने आ-आफ्नो चलन छ । पुर्खाले जङ्गल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको इतिहास छ ।

विशेषगरी पाल्पा, रोल्पा, रुकुम, सल्यान, दैलेख, जाजरकोट, दाङ लगायत राप्ती अञ्चलका सबै जिल्लाहरुमा धूमधामसँग भूमि पूजा गर्ने गरिन्छ । हुन त यो पर्व असार १ गतेदेखि नै प्रारम्भ भए पनि आजको दिनलाई विशेष मान्ने गरिन्छ । भूमे पूजाको सम्बन्ध कृषि र बादलसँग रहेको छ । जेठको अन्तिम दिनमा लेकबाट फुल टिपेर ल्याई खेत, खरियानमा भूमे पूजा गरिन्छ । लेक अर्थात् बादलहरू रहने उच्च भूमिबाट ल्याएका फूलहरू खेतका फाँटमा राखेर पूजन गरेपछि वर्षाको कमी नहुने मान्यता छ । बाढी पहिरो, हुरी बतास जस्ता प्राकृतिक प्रकोपबाट बच्न र खेतीपाती राम्रो होस् भन्नका लागि भूमिको पूजाले महत्व राख्दछ । सनातन दर्शनमा भूमिलाई गौ रूप समान मानिन्छ । त्यस कारण भूमिलाई षोडशोपचारबाट गणपतिको स्मरणका साथै इष्टदेव एवं कुल देवतालाई प्रणाम अभिवादन एवं अर्चनोपरान्त पूजा गर्ने गरिन्छ । भूमिको पूजा गरेमा वर्षभरि कुनै पनि विपत्ती नआउने विश्वास गरिन्छ । यो पर्वबाट भावनात्मक एकता कायम गरी सामूहिक सोचको विकास गर्न समेत मत्वपूर्ण भूमिका खेल्दछ । यो पूजालाई मगर समुदायले सांस्कृतिक चिनारीका रूपमा समेत लिने गर्दछन् । तर यो संस्कृति पुस्तान्तरण नहुँदा भने हराउँदै जान थालेको छ । यसर्थ प्रकृति र संस्कृतिसँग जोडिएको यो पूजाको महत्वलाई जोगाउन सके मात्र भूमि पूजा गर्नुको सान्दर्भिकता रहन्छ ।

## Opinion @ Social Network

रिस खराब भयो भन्दैमा गलत शब्द कहिल्यै नबोल्नु
किनकी रिस बदल्न सकिन्छ तर शब्द बदल्न सकिँदैन ।
(अन्जनाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Añjana .LamGade)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# महिला चुनौतीबीच नेतृत्वको अवसर



**प्रतिमा भट्ट**

*नेपालमा पनि महिलाको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा सहभागिता, प्रतिनिधित्व र नेतृत्वदायी भूमिकाको यथार्थ विश्लेषण गर्दा समस्या थप जटिल र बहुआयामिक छन् । तर वास्तविकता के हो भने नेतृत्वमा महिला सहभागिता बढाउनु भनेको केवल उनीहरूको हक सुनिश्चित गर्नु मात्र होइन, समग्र लोकतन्त्र र समाजको समुन्नति र समृद्धिका लागि पनि अनिवार्य पूर्वशर्त हो । हामी आफनो करिअर, राजनीतिमा सहभागिता र समाजमा आफनो पहिचान केवल आफनो योग्यता, क्षमता र विभेदरहित वातावरणमा स्थापित गर्न चाहन्छौं। हामीलाई चुनाव वा आवश्यकताको बेला प्रयोग गर्ने वा अतिरन्जित रूपमा प्रस्तुत गर्ने मात्रै होइन, मार्गदर्शन गर्ने, समान र न्यायोचित अवसर सुनिश्चित गर्ने र समाजमा विद्यमान संरचनागत बाधाहरू हटाउन सक्ने नेतृत्वको आवश्यकता छ । सन् १९५० को दशकदेखि शुरू भएको महिला सशक्तीकरण अहिलेसम्म पनि सुस्त गतिमा छ । केवल कानूनको आधारमा मात्रै यस्ता विभेद, असमानता र विकृति-विसंगतिहरू हटाउन सकिदैन, यसका लागि भिजन भएको उदार र समतामुखी तथा महिला अधिकारमैत्री प्रतिबद्ध नेतृत्व अपरिहार्य छ । त्यसैले उदार, लोकतान्त्रिक, समतामूलक र समुन्नत नेपाल निर्माण अभियानमा समाजका सबै क्षेत्रबाट भूमिका निर्वाह गर्न चाहने युवा पुस्ता आशा, विश्वास र भरोसायोग्य नेतृत्वको खोजीमा छन् ।*

नेपालको सामाजिक संरचना जति नै परिवर्तन भयो भनिए पनि गहिरो रूपमा पितृसत्तात्मक संरचना कायमै छ । महिलालाई आफूले चाहे जस्तो शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक निर्णय लिन तथा नेतृत्व तहमा पुग्न अझै अनगिन्ती जटिल सामाजिक, सांस्कृतिक, आर्थिक अवरोधहरू छन् । बेलायती लेखक तथा महिला अधिकारकर्मी क्यारोलिन क्रिआडो पेरेजले उनको बहुचर्चित पुस्तक 'इन्भिजिबल वुमन'मा उल्लेख गरे झैं, विश्वभर महिलाका आवश्यकता र योगदानलाई सार्वजनिक नीतिमा पर्याप्त ध्यान दिइँदैन । नेपाल पनि यसको अपवाद होइन । विद्यालयसम्म किशोरी तथा छोरीलाई शिक्षा त दिइन्छ, तर आधारभूत शिक्षापछि उच्च शिक्षा वा व्यावसायिक क्षेत्रमा लगानी गर्ने विषयमा धेरैजसो अभिभावक अझै पनि अनुदार छन् । धेरैजसो आमा-बुबा छोरीलाई स्नातक वा स्नातकोत्तर तहसम्म पढाउँदाको आर्थिक खर्च 'अनावश्यक लगानी' ठान्छन् । विवाहपछि 'अरूको घर जाने' तथा 'जागिर नै गरे पनि आफूले कमाइ खान नपाउने' चिन्तन बोकेर छोरीलाई 'उच्च शिक्षा दिनुको के अर्थ ?' भन्ने परम्परागत तथा विभेदकारी सोच बोकर हिंडिरहेका छन् । छोरा वा छोरी दुवैको शिक्षामा समान महत्व दिनु समाजको दीर्घकालीन विकासको लागि अनिवार्य छ भन्ने बुझ्न सक्ने अभिभावकहरूको संख्या अझै पर्याप्त छैन । यो त भयो परिवार र समाजमा विद्यमान समस्या । राजनीतिमा त्यस्तै ठूलो समस्या छ । सबै तहमा महिलाको सहभागिता ३३ प्रतिशत भनिएको छ । तर कुनै पनि राजनीतिक दलको निर्णायक नेतृत्व होस् या कार्यकारी अधिकारसम्पन्न मन्त्रिपरिषद्, महिला सहभागिता निगाहमै चलेको छ । योजना बनाउने र निर्णय गर्ने तहमा आज पनि महिलाको उपस्थिति न्यून र प्रतीकात्मक मात्रै छ । महिलाहरू नीति निर्माण तहमा पुग्नुअघि मात्र होइन, पुगेपछि समेत समतामूलक र अधिकारमैत्री नीति निर्माण गर्न जटिल चुनौतीको सामना गर्नुपरेकै छ । यसैगरी आफनो अस्तित्वको लडाइँ लड्दै हरेक दिन आफूलाई प्रमाणित गर्नुपर्ने तितो यथार्थ घाम जत्तिकै छर्लङ्ग छ। अरूको त परै जाओस् आफनै कमाइ वा पूँजीको आर्थिक निर्णयमा समेत महिलाको पहुँच सीमित छ ।

**सम्पत्तिमा देखावटी अधिकार**

सरकारी तथ्याङ्कमा धेरै घर-जग्गा वा सम्पत्ति महिलाको नाममा देखिन्छन् । तर, यो प्राविधिक वास्तविकता मात्र हो । महिलाको नाममा घरजग्गा खरिद-बिक्रीमा पाइने कर छुटका कारण मात्र त्यो महिलाको नाममा आएको हो । व्यवहारमा त्यो घरजग्गामाथि पुरुषकै हैकम र नियन्त्रण छ । त्यो किनबेचको निर्णयमा महिलाको मत नगन्य छ । छोरी वा बुहारीले व्यवसाय शुरु गर्न वा बीउ पूँजी लगानी माग्दा प्राय: छोरालाई जस्तो सहज वातावरण हुँदैन । जसोतसो आफ३नो मिहिनेत, प्रतिभा र जोखिमले कामको थालनी गरे पनि महिलालाई कार्यस्थलमा अनेकौं अवरोधसँग जुध्नुपर्छ । यौन दुर्व्यवहार, अफवाह, मानसिक उत्पीडन र असमान पारिश्रमिक जस्ता समस्याले महिलाको आत्मविश्वासमा गहिरो चोट पुऱ्याउँछ । संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि संगठन (एफएओ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूका अध्ययनले देखाउँछन् कि महिलाले गर्ने कामको दुईतिहाइभन्दा बढी भाग, ७ ट्रिलियन डलर बराबरको श्रम अझै अवैतनिक छन् वा अर्थतन्त्रमा मानकीकरण गरिएको छैन । समान कामका लागि महिलाले पुरुषभन्दा ३५.५ प्रतिशत कम पारिश्रमिक पाउँछन् र महिलाहरू प्राय: अनौपचारिक र न्यून पारिश्रमिकका क्षेत्रमा सीमित छन् । नेपाली समाज मात्र होइन, यो समस्या विश्वव्यापी हो। बेलायती लेखक पेरेजले उनको पुस्तक 'इन्भिजिबल वुमन' मा निकालेको निष्कर्ष जस्तै विश्वव्यापी प्रणालीहरू पनि महिलाहरूलाई हेर्ने दृष्टिकोणमा पूर्वाग्रही छन् । उदाहरणका लागि, कारको सिट बेल्ट पुरुषको शारीरिक बनोटलाई ध्यानमा राखेर डिजाइन गरिएको पाइन्छ । जसका कारण महिलामा अपेक्षित सुरक्षाको सम्भावना कम हुन्छ । फलस्वरुप महिलाहरू घातक सवारी दुर्घटनामा बढी प्रभावित हुने गरेका छन् । साहित्यकार चिमामान्डा न्गोजी आदिचीको पुस्तक 'वी शूड अल बी फेमिनिस्ट' मा भनिए झैं एक्काइसौं शताब्दीको समाजमा पनि महिलालाई सधैं सहायक भूमिकामा सीमित गर्ने सोच गहिरो रूपमा रहेको छ । यो समाजको संरचनात्मक समस्या हो । सामाजिक सुरक्षा तथा वित्तीय संस्थामा पहुँच र व्यावसायिक अवसरहरूमा पछाडि पारिएका हामी महिला उच्च नेतृत्व तहसम्म पुग्न अझै पनि संघर्षरत छौं ।

**कुशल नेतृत्वको अपेक्षा**

विश्वभरका तथ्यांकहरूले देखाउँछन्, जब महिलाहरू नेतृत्वमा हुन्छन्, तिनले शिक्षा, स्वास्थ्य, शान्ति स्थायित्व र सुशासनलाई उच्च प्राथमिकता दिन्छन्। नेशनल डेमोक्रेटिक इन्स्टिच्युटका अनुसार महिलाहरू नीति निर्माणमा बढी सहकार्य गर्छन्, जनताको समस्या सुन्न बढी तत्पर हुन्छन्, लोकतन्त्रप्रतिको जनविश्वास बढाउँछन्, शान्ति स्थायित्वमा सशक्त भूमिका खेल्छन् । यसैगरी शिक्षा, स्वास्थ्य र विकासलाई बढी प्राथमिकता दिन्छन् । यति हुँदाहुँदै पनि हामी महिलाहरू अझै नेतृत्व तहमा अल्पसंख्यक छौं । अझ विडम्बना त के भने हाल विश्वका २७ देशमा मात्र महिलाले राष्ट्रप्रमुखको भूमिका सम्हालेका छन्। हालसम्म १०८ देशमा कहिल्यै पनि महिला राष्ट्रप्रमुख भएका छैनन्, जबकि विश्वमा आधाभन्दा बढी महिला छन् । नेपालमा पनि महिलाको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा सहभागिता, प्रतिनिधित्व र नेतृत्वदायी भूमिकाको यथार्थ विश्लेषण गर्दा समस्या थप जटिल र बहुआयामिक छन् । तर वास्तविकता के हो भने नेतृत्वमा महिला सहभागिता बढाउनु भनेको केवल उनीहरूको हक सुनिश्चित गर्नु मात्र होइन, समग्र लोकतन्त्र र समाजको समुन्नति र समृद्धिका लागि पनि अनिवार्य पूर्वशर्त हो । हामी आज नयाँ पुस्ताका नेपाली महिलाहरू शिक्षित, जागरुक र आत्मनिर्भर बन्न चाहन्छौं । हामी आफनो करिअर, राजनीतिमा सहभागिता र समाजमा आफनो पहिचान केवल आफनो योग्यता, क्षमता र विभेदरहित वातावरणमा स्थापित गर्न चाहन्छौं। हामीलाई चुनाव वा आवश्यकताको बेला प्रयोग गर्ने वा अतिरन्जित रूपमा प्रस्तुत गर्ने मात्रै होइन, मार्गदर्शन गर्ने, समान र न्यायोचित अवसर सुनिश्चित गर्ने र समाजमा विद्यमान संरचनागत बाधाहरू हटाउन सक्ने नेतृत्वको आवश्यकता छ । सन् १९५० को दशकदेखि शुरू भएको महिला सशक्तीकरण अहिलेसम्म पनि सुस्त गतिमा छ । केवल कानूनको आधारमा मात्रै यस्ता विभेद, असमानता र विकृति-विसंगतिहरू हटाउन सकिंदैन, यसका लागि भिजन भएको उदार र समतामुखी तथा महिला अधिकारमैत्री प्रतिबद्ध नेतृत्व अपरिहार्य छ । हाम्रो जस्तो देश/समाजमा जहाँ महिलाहरूले अझै पनि धेरै आर्थिक, सामाजिक, पारिवारिक निर्णय गर्ने स्वतन्त्रता पाएका छैनन्, जहाँ अझै पनि "छोरीलाई त धेरै पढाएर के हुन्छ?" भन्ने सोच विद्यमान छ, त्यहाँ विचार, दृष्टिकोण र दीर्घकालीन योजना सहितको नेतृत्वले मात्र समाजमा विद्यमान संरचनागत समस्या समाधान गरी सामाजिक रूपान्तरण गर्न सक्छ । त्यसैले उदार, लोकतान्त्रिक, समतामूलक र समुन्नत नेपाल निर्माण अभियानमा समाजका सबै क्षेत्रबाट भूमिका निर्वाह गर्न चाहने युवा पुस्ता आशा, विश्वास र भरोसायोग्य नेतृत्वको खोजीमा छन् ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कारोबारमा अनुभवी व्यक्तिको साथ मिल्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।
**वृष** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। कार्यक्षेत्रमा अधिकारिवर्ग सन्तुष्ट रहनेछन्।
**मिथुन** : रोजगारको लागि समय लाभप्रद रहेको छ।गरिएका कार्यबाट लाभ मिल्ने छ।
**कर्कट** : कार्यक्षेत्रमा राम्रो सद्भाव पाइनेछ। शेयर बजारबाट लाभ मिल्ला।
**सिंह** : व्यवसायमा लाभ मिल्नेछ। राजनीतिक क्षेत्रमा शत्रुहरूले खुट्टा तान्नेछन्।
**कन्या** : परिवारसँग रमाइलो समय बित्नेछ। लगानी लगाउने समय रहेको छ।
**तुला** : कार्यक्षेत्रमा समयमा कार्य सम्पादन नहोला। व्यापारमा मनग्य लाभ मिल्नेछ।
**वृश्चिक** : बदलावको कारण ठूलो लाभ हुनेछ। आफनो स्वास्थ्यप्रति सचेत रहनुहोस्।
**धनु** :जीवनसाथीको सहयोग मिल्नेछ। व्यवसायमा नयाँ निर्णयबाट ठूलो लाभ हुनेछ।
**मकर** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। पहिला लिएका ऋणबाट मुक्ति मिल्नेछ।
**कुम्भ** : बोलिले रोकिएका कार्य बन्नेछन्। आर्थिक पक्ष सामान्य रहनेछ।
**मीन** : सुधारको प्रयास सफल रहनेछ। उच्च अधिकारीबाट सम्मान पाइनेछ।

# कला मनोरञ्जन

## फष्टलुक्समा यस्तो देखियो 'नाकछोङ'




नेपाली फिचर फिल्म 'नाकछोङ' (बिजुवा)को फष्टलुक्स सार्वजनिक गरिएको छ । फिल्ममा मुख्य कलाकार भुवन सिंह राईलाई प्रस्तुत गरिएको छ । फिल्मको निर्देशन किरण राईले गरेका हुन् र यो उनको तेस्रो निर्देशन हो । फिल्मको कथावस्तु परम्परा र पुस्तान्तरणमा आधारित छ । निर्माता ज्योतीराज राईले फिल्मको निर्माण आफनो परम्परा जोगाएर पुस्तान्तरण गर्नु रहेको बताए। फिल्म स्वदेशी तथा विदेशी फिल्म महोत्सवमा प्रदर्शन हुनेछ । नेपाली फिचर फिल्म 'नाकछोङ' (बिजुवा)को फष्टलुक्स सार्वजनिक गरिएको छ । निर्माण युनिटले फिल्मको एक पोष्टर फष्टलुक्सको रुपमा सार्वजनिक गर्दै प्रचार पनि थालेको हो । ज्योतिराज राई प्रस्तुतकर्ता रहेको फिल्मको फष्टलुक्समा मुख्य कलाकार भुवन सिंह राईलाई प्रस्तुत गरिएको छ । पोस्टरको पृष्टभूमिमा देखिएको काठमाडौं सहर र बिजुवा पनि समेटिएको छ । पोस्टरले गहिरो विषयवस्तु प्रस्तुत गरेको अनुमान गर्न सकिन्छ । फिल्ममा भुवन सिंह राई, यासेली योङ्हाङ, शुष्मा सुब्बा गुरुङ, सारा राई, ताया हाङ राई, अनुशा राई, सरोज राई, उत्तम राई, पूर्ण लिम्बु, त्रिचु राई, दिनेश कोइराला, हेम दिलुङ्छा राई, उदय सुब्बा कुरुङ्बाङ, विनोद पोमो, तुलशा लिम्बु, मदन खोदूङ राई, ससिता राई रसा लिम्वू , मीसन बान्तावा राई र बाल कलाकार जेशन राई लगायतको अभिनय रहेको छ । फिल्मको निर्देशन किरण राईले गरेका हुन् । किरणको यो निर्देशनमा तेस्रो फिल्म हो । उनले यसअघि 'लुङा' र 'जिउपंचौ' निर्देशन गरेका थिए । फिल्ममा लेखन समेत किरणकै छ पोपीराज राई निर्माता रहेको फिल्मको छायांकन बाबु श्रेष्ठले गरेका हुन् । राजन मुकारुङ र विष्णु किरातीको शब्द, दिनेशकाजी वान्तवा, अनिल कोई राईको संगीत रहेको फिल्मको गीतमा नोगेन लिम्बु र परेस राईले स्व दिएका छन् । फिल्मको मुख्य सहायक निर्देशक बारत लिम्बु रहेका छन् । कार्यकारी निर्मार्ता रमु श्रेष्ठ रहेको फिल्मको पटकथा सम्पादन निर्देशक किरण र निर्माता ज्योतीराजले मिलेर तयार पारेका हुन् भने पार्स्व संगीत मोनिष निरौला, कलर अनिल राना, ध्वनि संयोजन र मिक्सिङ सागर अर्यालको रहेको फिल्मका निर्माण नियन्त्रक दोय गिरीराज राई र कमल लिम्बु (सार्के) रहेका छन् । निर्माता ज्योतीराजले फिल्मको निर्माण आफनो परम्परा जोगाएर पुस्तान्तरण गर्नु रहेको बताए । हरेक चाड, विवाह, कुलपितृ, मर्दापर्दा, रीति भेसभुषामा आवश्यक बिजुवा (नकछोङ )को संरक्षणका लागि फिल्म निर्माण गरिएको हो । फिल्मको प्रदर्शन मिति जुर्न बाँकी रहेको छ । फिल्म स्वदेशी तथा विदेशी अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा प्रदर्शनपछि मात्र सार्वजनिक प्रदर्शनमा आउनेछ । निर्माता ज्योतीराजले यसअघि 'लुङ्गा', संगम, त्रिवेणी, पापी मान्छे, वान वे प्रोडूसर, लगायत फिल्म का साथै चर्चित टिभी सिरिजहरु पनि निर्माण गरेका छन् ।

*-रातोपाटी डटकम*

## चलचित्र विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

राष्ट्रियसभाको आजको बैठकले 'चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२' माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'चलचित्र विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव सर्वसहमतिले स्वीकृत भएको राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले जानकारी दिए । विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै सञ्चारमन्त्री सुब्बाले २०२६ सालमा बनेको चलचित्र ऐनलाई समयसापेक्ष परिमार्जन गरी समावेशी एवम् सँघीय संरचना र नयाँ प्रविधिअनुरूप बनाउन नयाँ चलचित्रसम्बन्धी विधेयक तर्जुमा गर्न लागिएको बताए । चलचित्र क्षेत्रलाई अर्थतन्त्र जोड्नका लागि पनि सहज र समय सुहाउँदो कानुन आवश्यक पर्ने उनले उल्लेख गरे । त्यस्तै, चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगका रूपमा विकास गर्न, चलचित्रमार्फत देशलाई पर्यटन गन्तव्यका रूपमा अगाडि बढाउन नयाँ व्यवस्था आवश्यक रहेकाले यो विधेयक ल्याइएको उनको भनाइ छ । स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन अघि जाँच गर्ने व्यवस्था मिलाउने तथा चलचित्र क्षेत्रको विकास, विस्तार, नियमन र प्रवर्द्धनका लागि नयाँ कानुन आवश्यक पर्ने भएकाले यो विधेयक ल्याइएको सञ्चारमन्त्री गुरुङले बताए । विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसद डा अन्जान शाक्यले विद्यमान ऐनमा राखिएका व्यवस्थाहरू समयानुकूल नरहेकाले त्यसलाई संशोधन गर्न आवश्यक रहेको बताइन् । विधेयकले बक्स अफिसको प्रभावकारी कार्यान्वयन गर्ने, चलचित्र क्षेत्रका कामदारको हकअधिकार संरक्षणजस्ता विषयलाई समेटेको शाक्यले बताइन् । अर्का सांसद तारामान स्वारले विधेयकमा राखिएका कलाकार र प्राविधिकको पारिश्रमिक, सामाजिक सुरक्षा, सेन्सरसिपजस्ता विषयको परिभाषा स्पष्टता आवश्यक पर्ने बताए । विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँग छलफल गरी विधेयकलाई थप परिस्कृत पारिनुपर्नेमा उनले जोड दिए । सांसद गोपाल भट्टराईले पुरानो कानुनी व्यवस्थाले अहिलेको डिजिटल युगमा काम गर्न असहज हुने भएकाले तथा सँघीयता कार्यान्वयन पछि अधिकार क्षेत्रको बाँडफाँट स्पष्ट पार्नका लागि नयाँ कानुन आवश्यक पर्ने बताए । आजको छलफलका क्रममा सांसदहरू राधेश्याम पासवान, किरणबाबु श्रेष्ठ, श्रीकृष्णप्रसाद अधिकारी, मदनकुमारी शाह (गरिमा), भुवनबहादुर सुनार, शारदादेवी भट्ट, विष्णुबहादुर विश्वकर्मा, पदमबहादुर परियार, रेणु चन्द, सुमित्रा बिसी, गोपीबहादुर सार्की आछामी, भगवती न्यौपानेलगायतले विधेयकको सैद्धान्तिक पक्षमाथि आफनो धारणा राखेका थिए । चलचित्रसम्बन्धी नयाँ कानुन बनाई कार्यान्वयन भएपश्चात् विभिन्न उपलब्धि हासिल हुने विधेयकमा उल्लेख छ । यो कानुन बनेपछि चलचित्र विकास बोर्ड एक स्वायत्त र अधिकार सम्पन्न संस्था हुने, चलचित्र निर्माण, वितरण र प्रदर्शनलाई थप व्यवस्थित गर्न सकिने, चलचित्रसम्बन्धी नियमन गर्न सहज हुने, जवाफदेहिता वृद्धि हुनेलगायत सुधारको अपेक्षा गरिएको छ । त्यस्तै, नेपाली चलचित्रलाई उद्योगका रूपमा विकास गर्न मद्दत पुग्ने, राष्ट्रिय चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृतिक र मनोरञ्जन उद्योगका रूपमा विकास, विस्तार र संवर्द्धन गर्न मद्दत पुग्ने, चलचित्र वितरण र प्रदर्शनमा बक्स अफिस प्रणालीको प्रभावकारिता वृद्धि हुने, श्रमजीवी चलचित्रकर्मीहरूको हकहित संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । मातृभाषाका बौद्धिक, कलात्मक, आदिवासी जनजाति चलचित्रको निर्माण, प्रदर्शन र यसको अन्तरराष्ट्रियकरणमा सहयोग र यसको संरक्षण गर्नका लागि पनि नयाँ कानुन आवश्यक ठानिएको छ । विधेयकका व्यवस्था कानुन बनेर आउँदा स्वदेशी चलचित्रको बजार विस्तार र अन्तरराष्ट्रियकरण गर्न सहयोग पुग्ने, चलचित्र क्षेत्रमा नयाँ प्रविधिको उपयोग हुने, चलचित्र विकास बोर्डको स्रोत वृद्धि एवं आयको दायरा फराकिलो हुनेलगायत सुधारको अपेक्षा गरिएको छ । राष्ट्रियसभाको आजको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले तर्फबाट सञ्चारमन्त्री गुरुङले 'राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन' पेस गरेका थिए । राष्ट्रियसभाको अर्को बैठक यही असार १२ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ ।

*-रासस*

## पौराणिक र फेन्टासी कथामा फिल्म 'महाकाव्य' बन्ने




फरक धारको कथा, स्तरीय भिजुअल इफेक्ट्स (भीएफएक्स) र सशक्त एक्सनमा फिल्म 'महाकाव्य' निर्माण हुने भएको छ । सोमबार थिम पोस्टर सार्वजनिक गर्दै यो फिल्मको निर्माण घोषणा गरियो । पोस्टरमा दुई धारिलो भालाबीचको टकरावको दृश्य देख्न सकिन्छ । जसमध्ये एउटा भालामा आगो बलिरहेको छ । यसले युद्धको कथामा फिल्म बन्न लागेको संकेत गर्छ । खुसी फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई मदन खड्काले निर्देशन गर्नेछन् । यसअघि दर्जनौं म्यूजिक भिडियो निर्देशन गरिसकेका उनले 'महाकाव्य'बाट फिल्म निर्देशनमा डेब्यु गर्न लागेका हुन् । शान्ति मगरको निर्माण रहने फिल्ममा शुक्रराज शाहको द्वन्द्व निर्देशन रहनेछ । 'महाकाव्य'ले दर्शकलाई अद्भूत सिनेम्याटिक अनुभव दिने निर्देशक खड्काको दाबी छ । उनी भन्छन्, 'ऐतिहासिक, पौराणिक र आधुनिक फेन्टासीको संयोजनमा फिल्म आधारित हुनेछ । नेपाली संस्कृति, मिथक (अलौकिक घटना), र हराउँदै गएका पवित्र स्थलहरुको कथालाई भिजुअलको माध्यमबाट प्रस्तुत गर्नेछौं । यो नेपाली फिल्मको इतिहासमै नयाँ युगको सुरुवात हुनसक्छ ।' आगामी भदौबाट छायांकन सुरु गर्न लागिएको फिल्मको मुख्य भूमिकामा एक कलाकारलाई प्रस्तुत गरिँदैछ । ती कलाकारको नाम भने सार्वजनिक गरिएको छैन । उनले लामो समयदेखि शारीरिक रुपमा परिवर्तन गर्नुका साथै एक्सन र नृत्यको तालिम लिएका छन् । हाल उनी अन्तिम तयारीमा छन् । फिल्मलाई यसै वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

*-फिल्मी खबर डटकम*

## आदिवासी चलचित्र महोत्सवमा लिम्बु भाषाको 'चे' सर्वोत्कृष्ट



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चलचित्रले मनोरञ्जन प्रदान गर्नुका साथै भाषा, कला र संस्कृतिको संरक्षण गर्ने बताउनुभएको छ । चलचित्र विकास बोर्डको सभाहलमा आयोजित आदिवासी जनजाति चलचित्र महोत्सवको पाँचौं संस्करणको समापन समारोहलाई आयतबार सम्बोधन गर्दै मन्त्री गुरुङले आफ३नो भाषाका चलचित्र, साहित्य र संगीतका गतिविधि बढाउन आग्रह गर्नुभयो । 'हामी सबैको भाषा नेपाली हो, तर हामी जनजातिको आफनो भाषा छ, त्यसलाई पनि अगाडि बढाउनुपर्छ । हामीले आफनो भाषा बोल्न छाडेकै कारण त्यो नयाँ पुस्तासम्म पुग्न सकेको छैन । अहिलेका नयाँ पुस्तालाई आृनो भाषा आउँदैन, संस्कृतिका बारेमा ज्ञान निकै कम छ । त्यसैले हामीले मातृभाषाको प्रयोगगरी चलचित्र, साहित्य र गीत संगीत निर्माण गर्नुपर्छ', उहाँले भन्नुभयो । लिम्बु फिल्मले जित्यो उहाँले राष्ट्रियसभामा पेस गरिएको 'चलचित्र नीति' छलफलको क्रममा रहेकाले त्यसमा आदिवासी जनजाति चलचित्र प्रवर्द्धन गर्न आवश्यक पर्ने पक्ष समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । 'आदिवासी जनजाति चलचित्रको प्रवर्द्धन, मौलिक भाषा संस्कृतिको संरक्षणङ्ग भन्ने नाराका साथ यही असार ६ देखि सुरु भएको 'पाँचौं आदिवासी जनजाति चलचित्र महोत्सव' मा मौलिक कला-संस्कृति, भाषा, धर्म, परम्परा, प्रथाहरूको दस्तावेजीकरण, संरक्षण, प्रवर्द्धन गरिएको आयोजक आदिवासी जनजाति चलचित्र महासंघले जनाएको छ । तीन दिने महोत्सवमा लिम्बु भाषाको 'चेङ्गले सर्वोत्कृष्ट चलचित्रका साथै सर्वोत्कृष्ट निर्देशकको पुरस्कार जित्न सफल भयो । यस चलचित्र का निर्देशक सागर केरुङ हुनुहुन्छ । यसैगरी मगर भाषाको 'ट्याङ्गचलाक' का लेखक मेकबहादुर पुन मेजनले सर्वोत्कृष्ट पटकथाकार र गुरुङ भाषाको 'मि थों'का लागि राजबहादुर गुरुङ राजेशलाई सर्वोत्कृष्ट छायांकनको पुरस्कार प्रदान गरिएको थियो । यस्तै नेवार समुदाय को 'स्रिंकिंग सिभिलाइजेशन अफ काठमाडौं भ्याली'लाई सर्वोत्कृष्ट डकुमेन्ट्रि र मगर समुदायको 'खिल'लाई सर्वोत्कृष्ट लघुचलचित्रको पुरस्कार प्रदान गरिएको थियो । महासंघका कार्यवाहक अध्यक्ष भुइसाल लामाको अध्यक्षतामा सम्पन्न महोत्सवको निर्णायकमा अग्रज पत्रकार विजयरत्न तुलाधर, प्रथम महिला छायाँकार शबनम मुखिया र तामाङ चलचित्रका अग्रज निर्देशक हीरालाल ब्लोन रहनुभएको थियो । समापन समारोहमा महोत्सव निर्देशक प्रतिमाया पुनमगर, महासंघका पूर्वअध्यक्ष अमृत सुनवार, पूर्वसांसद रीता माझी निर्णायक विजयरत्न तुलाधरलगायतले आ-आफनो मन्त्वय राख्नुभएको थियो ।

*-इहिमालय टाइम्स डटकम*

## फिल्म लेखनमा 'पिके डन', बन्ने भो 'रातो पासपोर्ट'

तपाईंले 'होस्टेल रिटर्न्स' फिल्म हेर्नुभएको होला । यो फिल्मको एक खलनायक पात्र 'पिके डन' अहिले पनि धेरै दर्शकको मस्तिष्कमा नाचिरहेको हुनुपर्छ । पिके डन अर्थात प्रदीपकुमार चौधरी । त्यो फिल्ममा डरलाग्ने गुण्डाको रोलमा देखिएका उनै प्रदीप पर्दामा होस् या नाटकमा जीवन्त अभिनयका लागि परिचित छन् । उनै प्रदीपलाई लिएर यतिबेला नयाँ खबर छ । अभिनेताको रुपमा छवि बनाएका चौधरीले निर्माण तयारीमा रहेको फिल्म 'रातो पासपोर्ट'बाट पटकथा लेखनको रुपमा डेब्यु गर्दैछन् । सिम्सोन तामाङले निर्देशन गर्ने यो फिल्मको निर्माण लोकबहादुर तामाङ र कार्यकारी निर्मातामा प्रवेश पौडेल छन् । सी-बर्ड्स पिक्चर्स र होप्स बजको प्रस्तुतिमा ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा फिल्म बन्दैछ । सेप्टेम्बरदेखि यो फिल्मको छायांकन सुरु हुँदैछ । अहिले प्रि-प्रोडक्सन चरणमा रहेको फिल्मबाट डेब्यु गर्न लागेका प्रदीपले लेखकको रुपमा प्राप्त गरेको मौकाप्रति उत्साह व्यक्त गरे । सन् २०१३ मा रिलिज भएको फिल्म 'मौन'बाट नेपाली फिल्ममा डेब्यु गरेका चौधरीले रामबाबु गुरुङको 'कबडडी' र मनोज पण्डितको फिल्म 'बधशाला'मा पनि अभिनय गरेका छन् । उनले मेरी मामु, गुञ्जन र जेरी अन टपजस्ता फिल्ममा मेन्टरको रुपमा कार्य गरेका छन् । 'शिवांश' र 'वरिष्ठ बलराम' कलाकारको रुपमा उनका आगामी फिल्म हुन् । उनको शीर्ष भूमिका हुने 'सत्यवीर' हालै घोषणा भएको थियो । उनले मसानटार, स्वीप्नल स्वप्ननगरी, कालापत्थर माथि, झिम्के मामा, एक सिक्का र आकाशको बाटोजस्ता दर्जनभन्दा धेरै नाटक लेखेका छन् ।

*-अनलाइन खबर डटकम*

# आज मगर जातिको भूमे पर्व



**पाल्पा,** असार १०/मगर जातिले आज आफनो मुख्य भूमे पर्व मनाउँदै छन् । मगर जातिले परापूर्वकालदेखि आफू बसेको ठाउँको भूमि र भूमि देवतालाई पूजा गर्ने चलन रहि आएको छ । भूमि बिना कुनै पनि जीवको अस्तित्वको कल्पना गर्न नसकिने र भूमि नै जीवनदाता भएको मान्यता राख्दै मगर समुदायले यो पर्व मनाउने गर्दछन् ।

असारमा रोपाई सुरु गर्नु अगावै पञ्चत्व स्वरूपमा भूमिको पूजन गर्ने चलन छ । देभभरिका सबै जिल्लाहरूमा भूमि पूजा गर्ने आ-आफनो चलन छ । पुर्खाले जङ्गल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको इतिहास छ । भूमि पूजाको अवसरमा देवतालाई बलि दिने, देवस्थानहरूमा गएर नाचगान गर्ने र थकाइ मार्ने परम्परा रहिआएको छ । मगर समुदायले यो पर्वलाई नयाँ वर्षका रूपमा समेत मनाउने गरेका छन् । मगर समुदायको भावना, पहिचान र एकतासँग जोडिएको हुँदा यो मगरहरूको मुख्य चाड हो । मगर जातिको यो पर्वका अवसरमा लुम्बिनी प्रदेश सरकारले सम्बन्धित समुदायलाई सार्वजनिक विदा समेत दिने गर्दछ । भूमे पर्वमा टाढा-टाढा गएका दाजुभाइसमेत घरमा जम्मा भई रमाइलो गर्ने परम्परा रहेको छ । मगर समुदायको भूमे पर्वमा विभिन्न पाँच प्रकारको बाजा बजाएर महिला, पुरुष, बालबालिका नाचेर यो पर्व मनाउने गर्छन् । यस पर्वलाई नयाँ कामको सुरुवात गर्ने दिन, वर्षभरिको कामको योजना बनाउने दिनका रूपमा पनि लिने गरिन्छ । मगर समुदायको बाहुल्य रहेका क्षेत्रमा विशेष गरी यो पर्व मनाउने गर्छन् । भूमे पर्वमा सबै मगर सँगै भेला भएर रमाइलो गर्दा आफूहरूको दु:ख, पीर बिर्सने र मन खुसी हुने विश्वास छ । यस्तै मगर जातिले पृथ्वी अर्थात् भूमिलाई आफनो मुख्य देवताका रूपमा मानेर पुज्ने चलन छ । भूमिको पूजा भएपछि देवता खुसी हुने र त्यसपछि अनिकाल नलाग्ने, पृथ्वीमा कुनै पनि प्रलय नआउने र दु:खको नास भई पृथ्वीबासी सबैमा खुसी आउने जनविश्वास छ ।

## खेलकुद समाचार

### नेपालको लगातार दोस्रो जीत



**काठमाडौं,** असार १०/एसीसी १६ वर्षमुनिको इस्ट जोन कप प्रतियोगितामा नेपालले लगातार दोस्रो खेल जितेको छ । मंगलबार भएको खेलमा नेपालले जापानलाई नौ विकेटले हरायो । जापानले दिएको ८१ रनको लक्ष्य पछ्याएको नेपालले १४ ओभर दुई बलमा एक विकेट गुमाएर भेटायो । नेपालका लागि सिवान्स बजगाईंले अविजित ३८ र प्रसिद्ध जोशीले अविजित ३३ रन बनाए । जापानका केइसीइ कोबायशी डोगेटले एक विकेट लिए । त्यसअघि मलेशियाको कोजल टुन्कु जाफर ओभरल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जापान ३४ ओभर तीन बलमा अलआउट भयो । जापानका लागि कप्तान चार्ली ह्यारिसले ३६ रन बनाए । नेपालका शुभम खनालले पाँच विकेट लिए । यस्तै अभय यादवले दुई, सुशीलबहादुर रावल र विपिनप्रसाद शर्माले एक विकेट लिए । यो जीतसँगै नेपाल समूह 'ए' मा दुई खेलमा चार अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । अस्ति आइतवार भएको आफनो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई छ विकेटले हराएको थियो । १६ वर्षमुनिको इस्ट जोन कपमा १० वटा टोली सहभागी छन् । समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भूटान र जापान छन् । यस्तै समूह 'बी' मा आयोजक मलेशियासहित हङकङ, माल्दिभ्स, थाइल्यान्ड र म्यानमार छन् । समूहका विजेता र उपविजेता सेमिफाइनलमा पुग्नेछन् । प्रतियोगिताको फाइनल खेल असार २१ गते हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक सामान्य गिरावट



**पाल्पा,** असार १०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव २२ अङ्कले घटेर दुई हजार छ सय दशमलव ५३ को बिन्दुमा कायम भएको हो ।

तीन सय १६ कम्पनीका एक करोड ३८ लाख १८ हजार ५५९ कित्ता शेयर ६२ हजार ७५५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७६ करोड ७८ लाख ९५ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव ४४, लगानी शून्य दशमलव २७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४२, लघुवित्त शून्य दशमलव १९ र म्युचुअल फन्ड शून्य दशमलव २७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ४२, वित्त शून्य दशमलव ७४, होटल तथा पर्यटन शून्य दशमलव, जलविद्युत् शून्य दशमलव ४४, जीवन बीमा शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव ३१, व्यापार शून्य दशमलव ०९ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ । कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ०१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनआइसी एसिया डिभेन्चर २०८५/८६ को शेयर मूल्य पाँच दशमलव १७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै बुटवल पावर कम्पनी लिमिटेडको २७ करोड ६५ लाख ९० हजार ९७७ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने शिवश्री हाईड्रोपावर लिमिटेडको छ लाख ९६६ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# तानसेनले ल्यायो...

...नगरप्रमख सन्तोषलाल श्रेष्ठले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा बजेट विनियोजन गर्दा जनताको घर दैलोमा नगरप्रमुख, मेयर पूर्वधार कार्यक्रम, उपप्रमुखसँग महिला मैत्री पूर्वधार, म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य कार्यक्रम, किसानसँग नगरप्रमुख कार्यक्रम जस्ता लोकप्रिय कार्यक्रम उल्लेख गरिएको छ । ढाका प्रबर्द्धन कार्यक्रम, सहकारी विकास, मेला महोत्सव तथा व्यवसाय विकास, पाल्पा दरवार परिसर सौन्दर्यकरण, रानीमहल तथा श्रीनगर क्षेत्र विकास, पर्यटन प्रबर्द्धन कार्यक्रम, श्रीनगर डबलीको विकास एवं प्रबर्द्धन, नगर पशु सेवा तथा कृषि विकास कार्यक्रम, पर्यटन विकास बोर्ड गठन तथा सञ्चालन, दुग्ध उत्पादनमा किसान सहुलियत कार्यक्रमहरु प्रभावकारिताका साथ अगाडि बढाइने नगर प्रमुख श्रेष्ठले बताए । यस्तै नगरको ऐतिहासिक कला, साहित्य, संस्कृति, सम्पदा, विज्ञान तथा प्रविधि, शिक्षा, स्वास्थ्य जस्ता विधाको अनुसन्धान, विकास र विस्तारका लागि तानसेन नगर प्रज्ञा प्रतिष्ठान मार्फत महत्वपूर्ण कार्यक्रम सञ्चालन गरिने, तानसेनको पर्यटन, संस्कृति र सम्पदाको विकासको लागि योजनाबद्ध ढङ्गले प्रभावकारी कार्यहरु अगाडि बढाउने नीतिलाई कार्यान्वयन गर्न "तानसेन पर्यटन विकास बोर्ड" गठन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा तानसेनको बारेमा प्रचार प्रसार गर्ने लक्ष्य लिइएको छ । नेपालकै प्रमुख धार्मिक फषिकेश/रुरु क्षेत्रमा विशेष कार्यक्रमहरु कार्यान्वयनको व्यवस्था मिलाइने, फषिकेश मन्दिर वरिपरीको क्षेत्रको संरक्षण र व्यवस्थापन मन्दिर व्यवस्थापनले हेरचाह गर्न मिल्ने व्यवस्थाको लागि पहल गरिने, यातायात पूर्वाधारको विकास गरी गुफाचौर क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने, माण्डव्य सरोवर निर्माणको लागि विशेष पहल गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तै सार्वजनिक निजी साझेदारी अवधारणामा "तानसेन सिटीहल" निर्माण कार्य अगाडि बढाइने,सामाकोट, टक्सार किटडाँडा लगायतका खानीक्षेत्र रहेका स्थानहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने,लिपिन्देवी जङ्गी अडडा जीपलाईन निर्माण परियोजनाको सम्भाव्यता अध्ययन गरी सम्भाव्य योजनालाई सार्वजनिक निजी साझेदारी अवधारणा मार्फत कार्यान्वयनमा लगिने, स्थानीय संस्कृति र पर्यटन विकासमा महत्व राख्ने तानसेन नगरपालिका क्षेत्र भित्रका होटल तथा रेष्टुरेण्ट र नयाँ क्षेत्रका बस्तीहरुमा होमस्टेहरुको स्थापना र स्तरोन्नतीमा सहकार्य गरिने, निजी क्षेत्रसँगको सहकार्यमा पोखरा गन्तव्य बनाई जाने भारतीय पर्यटकहरुको पाल्पा बसाईको वातावरण तयार गरिने पनि नीति रहेको छ । लघु उद्यमशिलता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने, स्थानीय बजार प्रवर्द्धनको लागि हरेक हप्ताको शुक्रबार हुने साप्ताहिक बजार महोत्सवलाई निरन्तरता दिई थप व्यस्थित गरिने, नगरपालिकाका प्रमुख बजार क्षेत्रमा प्रदर्शनी तथा विक्री कक्ष, कोशेली घर स्थापना गर्ने कार्यलाई निरन्तरता दिईने, नगरपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रम तथा समारोहमा स्थानीय उद्यमीले उत्पादन गरेका फूल, दुना टपरी तथा अन्य सामाग्रीहरुको प्रयोग गरी बजारीकरणमा सहयोग पुर्‍याउने, किसानलाई उन्नत जातका बीउवीजन, कृषि सामग्री, मल, प्रविधि, यन्त्र उपकरण, प्रशोधन भण्डार कार्यमा प्रत्यक्ष सहयोग गर्ने, उच्च मूल्यका कृषि तथा पशु तथा बाली बस्तु विकास र बजारीकरणलाई उच्च प्राथमिकता दिइने, यन्त्र उपकरणको दररेट निर्धारण गरिनुको साथै बन्यजन्तु नियन्त्रणको बैकल्पिक विधिहरुको खोजी गरिने तानसेन नगरपालिकामा अदुवा भण्डारण गृह निर्माण गरी सञ्चालनमा ल्याइएकोमा भण्डारण गरेबापत कृषकलाई प्रति के.जी. रु. ५ का दरले दिइएको अनुदानलाई निरन्तरता दिइ किसानको उत्पादनको बजारीकरणको लागि सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरिने समेत नीति तथा कार्यक्रममा उल्लेख छ । नगर सभामा विभिन्न विधेयकहरु समेत पेश भएको छ । उपप्रमुख गाहाले विनियोजन विधेयक २०८२, हेमन्तराज शाक्यले आर्थिक विधेयक २०८२, महेश्वर श्रेष्ठले नगर प्रज्ञाप्रतिष्ठान, दलित सशक्तिकरण र विकास, लैङ्गिक समनता तथा ामाजिक विकास विधेयक, सागरमान महर्जनले तानसेन पर्यटन विकास लगायतका विधेयक सभामा पेश गरेका छन् । नगर सभाको दोस्रो बैंठक असार २६ गते बस्ने जनाइएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई